बैठक मितिः २०८१/०४/२४

बैठक सङ्ख्याः २

छलफल तथा निर्णयः

१. सङ्घीय समपूरक तथा विशेष अनुदान सम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अध्ययन-विश्लेषण गरी समसामयिक परिमार्जनका लागि प्रतिवेदन पेश गर्न देहाय बमोजिम कार्यदेश सहितको "सङ्घीय समपूरक तथा विशेष अनुदान सम्बन्धी अध्ययन समिति" गठन गर्ने:

- माननीय सदस्य, गंगादत्त अवस्थी, - संयोजक
- सहसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग - सदस्य
- सहसचिव, अर्थ मन्त्रालय - सदस्य
- सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य
- सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
- सहसचिव, राष्ट्रिय योजना आयोग (सामाजिक विकस महाशाखा) - सदस्य
- सहसचिव, राष्ट्रिय योजना आयोग (पूर्वाधार तथा उत्पादन महाशाखा) - सदस्य
- कार्यक्रम निर्देशक,

(राष्ट्रिय योजना आयोग समपूरक तथा विशेष अनुदान शाखा) - सदस्य-सचिव

**कार्यदेशः**

- आ.ब. २०७५/७६ देखि हालसम्म नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको संघीय समपूरक तथा विशेष अनुदानको प्रक्रिया, अवस्था र समग्र स्थितिका बारेमा अध्ययन विश्लेषण गर्ने,
- समपूरक तथा विशेष अनुदान सम्बन्धी विद्यमान पद्धति एवम् प्रकृयाहरुमा रहेका समस्या र चुनौतिका बारेमा अध्ययन बिश्लेषण गरी आवश्यक सुझाव प्रस्तुत गर्ने,
- समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिलाई प्रभावकारी बनाउन समसामयिक परिमार्जन गर्नका लागि आवश्यक सुझाव दिने,
- समितिले आवश्यकता अनुसार विषय विज्ञ, प्राज्ञिक क्षेत्रका प्रतिनिधि तथा अन्य प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सकिने,
- समितिको बैठक तथा कार्यविधि समिति आफैले तय गर्ने।

२. आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणको लागि विद्यमान व्यवस्थामा परिमार्जन गरी प्रभावकारी र

कार्यान्वयन योग्य बनाउन राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा.डा. आर.पि. विच्छाको संयोजकत्वमा देहाय बमोजिम कार्यदिश सहितको अध्ययन समिति गठन गर्नेः

- माननीय सदस्य, प्रा.डा. आर.पि.विच्छा - संयोजक
- सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
- सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
- सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य
- सहसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य
- सहसचिव भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य
- सहसचिव, राष्ट्रिय योजना आयोग, पूर्वाधार तथा उत्पादन महाशाखा - सदस्य
- कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग, पूर्वाधार शाखा - सदस्य-सचिव

**कार्यदिशः**

- विद्यमान नीति र मापदण्डको अध्ययन तथा विश्लेषण गर्ने,
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सन्दर्भमा देखिएका समस्याको अध्ययन तथा विश्लेषण गर्ने,
- प्रदेश सरकार र स्थानीय तहबाट सिफारिस भई आउने आयोजनाको हकमा प्रक्रिया सरलीकरण गर्न सिफारिश गर्ने,
- विद्यमान मापदण्ड र प्रक्रियालाई थप प्रभावकारी बनाउन सुझाव दिने,
- समितिले आवश्यकता अनुसार विषय विज्ञ, प्राज्ञिक क्षेत्रका प्रतिनिधि तथा अन्य प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सकिने,
- समितिको बैठक तथा कार्यविधि समिति आफैले तय गर्ने।

३. आयोजना विकास, छनौट र प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ संशोधनका लागि सिफारिस गर्न एवम् आयोजना बैंकको प्रभावकारी सञ्चालनको लागि माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठको संयोजकत्वमा देहाय बमोजिमका सदस्य र कार्यशर्त रहने गरी समिति गठन गर्नेः

- माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठ - संयोजक
- सहसचिव, आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग - सदस्य
- सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा, राष्ट्रिय योजना आयोग - सदस्य
- सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
- सहसचिव, अर्थ मन्त्रालय - सदस्य
- सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य
- सहसचिव, सहरी विकास मन्त्रालय - सदस्य
- सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय - सदस्य

- सूचना प्रविधि निर्देशक, संचार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य
- कार्यक्रम निर्देशक, आयोजना बैङ्क शाखा - सदस्य सचिव

**<u>कार्यशर्त</u>**

- आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ को अध्ययन विश्लेषण गर्ने,
- आयोजना बैंकको हालको अवस्था अध्ययन विश्लेषण गर्ने,
- आयोजना बैंकको हालको अवस्थामा प्रभावकारिता ल्याउन र आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ मा समसामयिक सुधार गर्न सुझाव सहितको प्रतिवेदन पेश गर्ने,
- समितिले आवश्यकता अनुसार विषय विज्ञ, प्राज्ञिक क्षेत्रका प्रतिनिधि तथा अन्य प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सकिने,
- समितिको बैठक तथा कार्यविधि समिति आफैले तय गर्ने।

४. परराष्ट्र मन्त्रालयबाट प्राप्त UNESCAP र SAARC बीच विश्वव्यापी परिवर्तित सन्दर्भमा साझेदारीलाई थप सवल एवं प्रभावकारी वनाउन नयाँ MoU को मस्यौदामा राय माग भएकोमा उक्त मस्यौदाको सहकार्यको प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत (अनुसूचिमा) "SAARC सदस्य राष्ट्रहरुमध्ये Least Developed Country (LDC) तथा तिनको सहज स्तरोन्नतिका लागि क्षमता अभिवृद्धि साथै Landlocked Least Developed Country (LLDC) र Small Island Developing States (SIDS) को उत्थानशीलता प्रवर्धन सम्बन्धी कार्य" थप गर्नेगरी सकारात्मक राय रहेको व्यहोरा लेखी पठाउने।

५. परराष्ट्र UNESCAP र BIMSTEC बीच हस्ताक्षर हुने MoU र Concept Note को मस्यौदामा देहायको विवरण संशोधन तथा थप गर्ने गरी अन्य विषयमा मस्यौदा अनुरुप नै हुने गरी राय पठाउने।

**<u>देहाय:</u>**

- Draft Concept Note को Proposed Priority Areas for ESCAP- BIMSTEC Cooperation शीर्षक अन्तर्गत:

क) क्र.सं. a) मा "Trade and Investment" को सट्टामा "Trade, Transit and Investment" बनाउने ।

ख) क्र.सं. h) पछि क्र.सं. "i) Conservation of Mountain Ecosystem" थप गर्ने ।

- Draft MoU को दफा 9.7 मा रहेको ". . . . . Paragraph 10.2 above" को सट्टामा ". . . . Paragraph 9.2 above" बनाउने।

६. अनुगमन तथा मूल्याङ्कन नियमावलीको मस्यौदा तयार गर्न आयोगका माननीय सदस्य गङ्गादत्त अवस्थीको संयोजकत्वमा देहाय बमोजिमको कायदिश सहित समिति गठन गर्नेः

- माननीय सदस्य गङ्गादत्त अवस्थी - संयोजक
- सहसचिव, अनुगमन तथा मूल्याङ्कन; महाशाखा राष्ट्रिय योजना आयोग - सदस्य
- सहसचिव, आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग - सदस्य
- सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य
- सहसचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य
- सहसचिव, अर्थ मन्त्रालय - सदस्य
- कार्यक्रम निर्देशक अनुगमन तथा मूल्याङ्कन शाखा, राष्ट्रिय योजना आयोग - सदस्य सचिव

**कायदिशः**

- अनुगमन तथा मूल्यांकन सम्बन्धी नियमावलीको मस्यौदा तयार गर्ने,
- मस्यौदामा सम्बन्धित पक्षहरुसँग सहकार्य गर्ने,
- बैठकमा विज्ञ वा कर्मचारी आमन्त्रित गर्न सक्ने ।

७. अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०, आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० र आयोजना बैंक सम्बन्धी मापदण्ड बमोजिम देहाय बमोजिमका विवरणहरू उपलब्ध गराउन सबै मन्त्रालय र निकायहरूलाई पत्राचार गर्नेः

- कार्यक्रम/आयोजनाको सामान्य विवरण,
- पूर्व सम्भाव्यता, सम्भाव्यता अध्ययनको प्रतिवेदन, डिपिआर, वातावरणीय अध्ययनको प्रतिवेदन, खरिद गुरूयोजना र खरिद योजना, नतिजा खाका, अनुगमन तथा मूल्याङ्कन योजना, जग्गा प्राप्तिको अवस्था लगायतका पूर्वतयारी सम्बन्धी विवरण,
- नयाँ कार्यक्रम/आयोजनाको हकमा लागत अनुमान र खर्च व्यहोर्ने स्रोत लगायतका विवरण एवम् कार्यान्वयनमा रहेका आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको विवरण,
- लाभान्वित जनसंख्या तथा दिगो विकास लक्ष्यमा पुर्याउने योगदानको विवरण,
- आयोजना कार्यान्वयनको ढाँचा,
- आयोजना कार्यान्वयनमा संलग्न सम्पर्क व्यक्ति तथा आयोजना प्रमुख लगायतका अन्य सम्बन्धित विवरणहरू ।